"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा:पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
च्याङ्ग्रे भोजपुर
१ नं.प्रदेश,नेपाल

पत्र सङ्ख्या (Let.No):०७६/७७

चलानी नं.(Ref.No):

मिति(Date):-२०७६।११।२२

## प्रेस बिज्ञप्ती

छिमेकी राष्ट्र चिनको शहर बुहानबाट शुरु भएको नोबेल कोराना भाईरस(**Nobel Corona Virus COVID-19)** हाल महामारीको रुपमा फैलिई **विश्व स्वास्थ्य संगठन** ( WHO)ले नेपाल लगायत अन्य राष्ट्रलाई उच्च जोखिम युक्त क्षेत्रको रुपमा घोषण गरेको अवस्थामा उक्त कोरोना भाईरस नेपालमा पनि संकमित हुने सम्भावना रहेको र अन्य राष्ट्रहरुमा देखा परेको र उक्त भाईरसबाट संक्रमित हुनबाट बच्नको लागि मानिसहरुको भिडभाड हुने स्थानहरु जस्तै जात्रा, मेला, पर्व , महोत्सब, सभा समारोह नगर्न नगराउन,पुर्वनिर्धारित कार्यक्रमहरु तत्काल बन्द गर्नुहुन अनुरोध गरिन्छ । उक्त भईरसबाट संक्रमित हुनबाट बच्नको लागि व्यक्तिगत तथा सामुहिक सरसफाईमा ध्यान दिई नियमित रुपमा साबुन पानीले हात धुने तथा मास्कको प्रयोग गर्ने र प्रत्यक्ष रुपमा एक अर्कासँग हात नमिलाउन, खोक्दा, हाच्छिउँ गर्दा सफा कपडाले मुख छोप्न अनुरोध छ ।

साथै मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तरगत तिवरीभञ्ज्याङ्ग, हिलेभञ्ज्याङ्ग र श्यामसिला बसस्टेण्डमा समेत सावधानी अपनाउँदै २ देखि ४ जनाभन्दा बढी संख्यामा भेला नहुन, भेला हुने कार्य नगराउँन सम्बन्धित सबैमा जानकारी तथा निर्देशन गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६ फाल्गुन १७ गते बसेको निर्णय बमोजिम तथा यस कार्यपालिकाको मिति २०७६।११।२२ गतेको निर्णय बमोजिम सम्पुर्ण पौवादुङमा बासीहरु लगायत अन्य ब्यक्तिहरु र सम्पुर्ण सरोकारवाला निकायहरुमा जानकारी तथा निर्देशन जारी गरिन्छ ।

०७६।११।२२

दिपक राई
(प्रवक्ता)
पौवादुङमा गाउँपालिका